## मिति २०८२/०४/२६ गते बसेका ५०औ कार्यपालिका बैठकका निर्णयहरु :

**प्रस्तावहरु:**

१.आ.व.२०८२/०८३ को कार्ययोजना स्वीकृत सम्वन्धमा

२. म्याद थप सम्वन्धमा ।

३.आर्थिक सहायता सम्वन्धमा ।

४.गा.पा.अनुदान शिक्षक सरुवा सम्वन्धमा,

५. हल्का सवारी चालकको गोष्ठी सेमिनारमा जादाको भत्ता सम्वन्धमा,

६.परिवर्तन गाउंपालिका डिजिटल रणनिति २०८१ स्वीकृत सम्वन्धमा,

७. स्वास्थ्य र प्रशासन तर्फको लोकसेवा सम्वन्धि माग आकृति फाराम भर्ने सम्वन्धमा।

८.विविध सम्वन्धमा ।

**निर्णय नं.-१**

यस परिवर्तन गाउंपालिकाको आ.व.२०८२/०८३ को योजना तथा कार्यक्रमलाई संचालन गर्नको लागि तपसिल वमोजिमको वार्षिक कार्ययोजना तयार गरी कार्यन्वयन गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.स. | क्रियाकलाप | कुन समयमा ? | कुन स्थान? | कैफियत |
|---|---|---|---|---|
| १ | ६ वटै वडामा उपभोक्ता समिति गठन | २०८२/०६/१२ गते भित्र | सम्वन्धित वडामा | |
| २ | उपभोक्त समितिलाई अभिमुखिकरण तालिम | २०८२/०६/३१ गते सम्म | सम्वन्धित वडामा | १ नं.वडा देखि क्रमश : ६ नं.वडा सम्म |
| ३ | योजना सम्झौता | २०८२ माघ मसान्त सम्म | परिवर्तन गाउँकार्यापालिकाको कार्यालय,रोल्पा | |
| ४ | १० लाख सम्म रकम भएको योजना र शाखागत कार्यक्रमहरु कार्यसम्पन्न गर्ने | २०८३वैशाख मसान्त सम्म | सम्वन्धित कार्यालय तथा योजना स्थल | सवै वडाहरुमा |
| ५ | १० लाख भन्दा माथि सम्म रकम भएको योजना कार्यसम्पन्न गर्ने | २०८३ जेठ मसान्त सम्म | सम्वन्धित योजना स्थल | |
| ६ | सम्पुर्ण योजनाहरुको भुक्तानी | २०८३ असार १० सम्म | परिवर्तन गाउंपालिकाको कार्यालय,रोल्पा | |

क) यस गाउँपालिकावाट वडाका लागि विनियोजित योजनाहरुमा रु १० लाख सम्म वजेट भएको सडक निर्माण तथा मर्मत सम्भारको लागि वडाको समन्वयमा कोटेसन माफंत संचालन गराउने निर्णय गरियो । साथै गाउँपालिका तथा वडाकालागि विनियोजन भएको योजना तथा कार्यक्रमलाई १० लाख भन्दा कम वजेट भएको योजनाहरुलाई वडा कार्यालयवाट अनुगमन गर्ने निर्णय गरियो ।

निर्णय नं.-२

यस परिवर्तन गाउँपालिका भित्र वन्यजन्तु तथा प्राकृतिक प्रकोपको कारण कृषकहरुले लगाएको अन्नवालीलाई क्षति गरि मुचुल्का सहित यस गाउँपालिकाको कार्यालयमा निवेदन पेश गरेमा देहायको अधिनमा रहि राहत स्वरुप आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

| क्र.स. | क्षति भएको परिमाण/ | आर्थिक सहायता रकम |
|---|---|---|
| १ | **१ रोपनी जग्गामा लगाएको अन्नवाली भन्दा वढी क्षति भएमा** | **रु ३०००-रु ७००० सम्म** |

निर्णय नं.-३

परिवर्तन गाउँपालिका वडानं.१ स्थित श्री वाल कल्याण आधारभुत विद्यालय परिवर्तन १ जोगिडाँडाँ कुरेली,रोल्पामा कार्यरत गाउँपालिका अनुदान विज्ञान विषय शिक्षक श्री वम कुमारी वली रोकामगरले श्री जनकल्याण मा.वि.परिवर्तन १ कुरेली धानावारा खरिवोट रोल्पामा रिक्त रहेकोले अन्तरविद्यालय सरुवाका लागि शिक्षक सरुवा सम्वन्धि निर्देशिका २०८१ वमोजिम निवेदन दिएका हुँदा गाउँपालिकाले प्रकासित गरेको मिति २०८२/०३/०२ गतेको सूचना अनुसार १ जनाको मात्र दरखास्त प्राप्त भएकोले दुवै विद्यालयको सहमति अनुसार श्री वाल कल्याण आधारभुत विद्यालय परिवर्तन १ जोगिडाँडाँ कुरेली,रोल्पामा कार्यरत गाउँपालिका अनुदान विज्ञान विषय शिक्षक श्री वम कुमारी वली रोकामगरलाई श्री जनकल्याण मा.वि.परिवर्तन १ कुरेली धानावारा खरिवोट रोल्पामा अन्तर विद्यालय सरुवा गर्ने निर्णय गरियो ।

निर्णय नं.-४

यस परिवर्तन गाउँपालिकाको कार्यालयमा कार्यरत हल्का सवारी चालक श्री राम प्रसाद घर्ति आदिकारीक रुपमा कुनै संघ संस्था तथा सरकारी कार्यालयले आयोजना गरेको गोष्ठी,सेमिनार र तालिममा चालकको रुपमा सहभागी भए वापत पद अनुसार कार्यक्रम भत्ता / तथा दैनिक भ्रमण भत्ता उपलव्ध गराउनको लागि आयोजकलाई अनुरोध गर्ने निर्णय गरियो ।

CamScanner

निर्णय नं -५

परिवर्तन गाउँपालिकाको डिजिटल रणनिति २०८१ लाई स्वीकृत गरियो । साथै राजपत्रमा प्रकाशन भएकै दिन देखि कार्यान्वयनमा लैजाने निर्णय गरियो ।

निर्णय नं -६

प्रदेश लोकसेवा आयोग लुम्बिनी प्रदेश बुटवलको आ.व.२०८२।०८३ च.नं.१८ को प्राप्त पत्रानुसार परिवर्तन गाउँपालिकाको प्रशासनतर्फ र विभिन्न स्वास्थ्यचौकीमा रिक्त रहेको पदहरुको तपशिल बमोजिमको पदपुर्तिका लागि माग आकृति फाराम भरी पठाउने निर्णय गरियो ।

स्वास्थ्य तर्फ :

| क्र.स. | कार्यालयको नाम | पद | रिक्त संख्या | माग संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | कुरेली स्वास्थ्य चौकी | अ.न.मि. | (एक) १ | (एक) १ | |
| २ | राङ्सी स्वास्थ्य चौकी | हेल्थ असिष्टेन्ट | (एक) १ | (एक) १ | |
| ३ | केवरि स्वास्थ्य चौकी | हेल्थ असिष्टेन्ट | (एक) १ | (एक) १ | |
| | | अ.न.मि. | (एक) २ | (एक) २ | |
| ४. | राङ्कोट स्वास्थ्य चौकी | हेल्थ असिष्टेन्ट | (एक) १ | (एक) १ | |
| | जम्मा | | | (६) ६ | |

प्रशासन तर्फ :

| क्र.स. | पदनाम | रिक्त संख्या | माग संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | वरिष्ठ प्रशासन सहायक | (तीन) ३ | (तीन) ३ | |
| २ | शिक्षा अधिकृत | (एक) १ | (एक) १ | |

नि. प्र.
प्रमुख प्रशासकीय अधिकृत

| ३ | कृषि अधिकृत | (एक) १ | (एक) १ | |
|---|---|---|---|---|
| | **जम्मा** | **(पाँच) ५** | **(पाँच) ५** | |

निर्णय नं.-७

यस परिवर्तन गाउँपालिकामा आ.व.२०८२/०८३ मा वर्षादको समयमा विभिन्न स्थानमा पहिरो,हावाहुरी,चट्याङ र आगलागीबाट क्षति भएका तथा गाउँपालिका भित्रका समुदायहरुलाई क्यान्सर,मुटुको विरामी तथा पत्थरीको अप्रेसन अन्य विरामीहरुलाई आर्थिक कमजोरको कारण उपचारमा समस्या भएकाहरुलाई सहयोग स्वरुप आर्थिक सहायता उपलब्धको लागि यस गाउँपालिकामा राहत तथा आर्थिक सहयोग मागको लागि पेस हुन आएको निवेदनहरुलाई यस गाउँपालिकाको आर्थिक सहायता कोष संचालन तथा व्यवस्थापन कार्यविधि २०७७ वमोजिम रु १०,०००। भन्दा कम भएको राहतलाई तोकाआदेश अनुसार र रु दश हजार भन्दा माथिको राहत रकम गाउँकार्यापालिकाको वैठकले देहायको व्यक्तिहरुलाई देहायवमोजिमको राहत तथा आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

| क्र.स | नाम थर | ठेगाना | निवेदनको किसिम | सहयोग रकम |
|---|---|---|---|---|
| १ | श्री प्रकास के.सी. | परिवर्तन ५ रोल्पा | प्रकास के.सी.को घर र शौचालय मिति २०८२।०४।०७ गते साझ परेको अविरल वर्षाको कारणले घर आगन देखि पहिरो खसेर शौचालय पुर्णरुपमा क्षति तथा घर निकै जोखिममा भएकोले निवेदन अनुसार राहत उपलव्ध गराइएको । | १५,०००। |